नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००
हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, ईटहरी, सुनसरीमार्फत श्याम वस्त्रालय (स्था.ले.नं. ३०२१८४६३१) का प्रोप्राइटर श्याम प्रसाद गुप्ता विरुद्ध भारतीय कपडा चोरी पैठारी गरी राजस्व चुहावट गरेको कसुरमा अनुसन्धान कार्य सम्पन्न गरी उच्च अदालत, जनकपुर, राजविराज इजलासमा मिति २०८२/०१/१४ गते अभियोगपत्र दायर गरिएको छ।

जिल्ला सिराहा, लहान नगरपालिका वडा नं. ८ स्थित श्याम वस्त्रालयमा खानतलासी गरी अनुसन्धान गर्दा उक्त फर्मका प्रोप्राइटर श्याम प्रसाद गुप्ता (ना.प्र.नं. २७५५२६०) ले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ को खण्ड (क), (ख) र (झ) बमोजिमको राजस्व चुहावटको कसूर गरेको हुँदा निज उपर उक्त राजस्व चुहावटको प्रकृति, गाम्भीर्यता तथा राजस्व चुहावट भएको रकम समेतलाई मध्यनजर राखी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम रु. १०,६८,५५,७९५।३८ (दश करोड अठसठ्ठी लाख पचपन्न हजार सात सय पन्चानब्बे रुपैयाँ अडतीस पैसा) बिगो कायम गरी ऐ. ऐनको दफा २३(१) बमोजिम बिगो असुल उपर गरी बिगोको शतप्रतिशत रु. १०,६८,५५,७९५।३८ (दश करोड अठसठ्ठी लाख पचपन्न हजार सात सय पन्चानब्बे रुपैयाँ अठतीस पैसा) जरिवाना गरी कुल रु. २१,३७,११,५९०।७६ (एकाईस करोड सैंतीस लाख एघार हजार पाँच सय नब्बे रुपैयाँ छैहत्तर पैसा) असुलउपर र सोही ऐनको दफा २३(१)(घ) बमोजिम हदैसम्मको कैद सजायको मागदावी लिई उच्च अदालत, जनकपुर, राजविराज इजलासमा मिति २०८२/०१/१४ गते अभियोगपत्र दायर गरिएको छ।

२०८२/०१/१४

(कृष्ण कुमारी श्रेष्ठ)
उपमहानिर्देशक/प्रवक्ता

CS Scanned with CamScanner

फ्याक्स : ५५४२०२३ ईमेल-info@dri.gov.np, website : www.dri.gov.np